नेपाल सरकार

# आपूर्ति मन्त्रालय

सिंहदरबार, काठमाडौं

## प्रेस विज्ञप्ति

पर्सा जिल्लाको बिरगञ्ज महानगरपालिका वडा नं. २२ सुखचैनास्थित सुपर ग्यास उद्योगमा मिति २०७४/०९/०५ गते भिषण आगलागी भई दुई जनाको ज्यानसमेत गएको घटनाका सम्बन्धमा नेपालका प्रचलित कानूनको अधिनमा रही घटनास्थलको स्थलगत अध्ययन, स्थानीय प्रशासन तथा स्थानीय बासिन्दासँग छलफल समेत गरी सत्यतथ्य पत्ता लगाउने तथा दुर्घटनाको कारण पत्ता लगाई दोषीमाथि कारवाहीको सिफारिस गर्ने र भविष्यमा यस्ता दुर्घटनाहरु हुन नदिन अपनाउनु पर्ने सुरक्षाका उपायहरु (Safety Measures) का बारेमा राय सुझावसहित १५ दिन भित्र प्रतिवेदन पेश गर्ने गरी नेपाल सरकार (मा. मन्त्रीस्तर) को मिति २०७४/०९/०६ को निर्णयानुसार देहाय बमोजिमको छानविन समिति गठन गरियो ।

**समितिः**

| | |
|---|---|
| महानिर्देशक, आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभाग | - संयोजक |
| उपसचिव, गृह मन्त्रालय | - सदस्य |
| उपसचिव (प्राविधिक), उद्योग विभाग | - सदस्य |
| उपसचिव (प्राविधिक), नेपाल गुणस्तर तथा नापतौल विभाग | - सदस्य |
| निर्देशक, एल.पि.जि. विभाग, नेपाल आयल निगम | - सदस्य |
| प्रबन्धक, एल.पि.जि. विभाग, नेपाल आयल निगम | - सदस्य सचिव |

मितिः २०७४/०९/०७

(मुकुन्द प्रसाद पौड्याल)
सहसचिव/प्रबक्ता